"कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्द नगरको आधार"

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्था. २०७३

पत्र संख्याः २०८२/८३

चलानी नं

कोशी प्रदेश, नेपाल

## विज्ञापन कर संकलन ठेक्का आह्वान सम्बन्धी १५ दिने सूचना।

दोस्रो पटक प्रकाशित मितिः२०८२/०५/३०

चैनपुर नगरपालिकाको आर्थिक ऐन,२०८२ तथा नगर कार्यपालिकाको मिति २०८२/०५/०५ गते बसेको बैठकको निर्णय बमोजिम स्वीकृत दररेटको अधिनमा रहि यस चैनपुर नगरपालिका अन्तर्गत आ.व.,२०८२/०८३,०८३/०८४,०८४/०८५ सम्म जम्मा ३ वर्षको लागि तपशिल बमोजिमको आन्तरिक आय विज्ञापन कर संकलन बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक, दर्तावाला फर्म/कम्पनिले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समय भित्र छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम समय र मिति | शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम समय र मिति |
|---|---|---|---|---|---|---|
| १ | ०८/२०८२/०८३ | चैनपुर नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन | ३ बर्ष | २,२५,०००।- भ्याट बाहेक | २०८२/०६/१३ गते कार्यालय समय भित्र | २०८२/०६/१४ गते दिनको २ बजे |

१. शिलबन्दी दरभाउपत्र फारम रु.१०००।-(एक हजार मात्र) यस कार्यालयको राजश्व शाखावाट खरिद गर्नुपर्ने छ। शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको समय र मिति भित्र यस कार्यालयमा पेश गर्न सकिने छ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत बापत गरेको अंकको १० प्रतिशत हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड शाखामा रहेको धरौटी खाता न.२०३०१००३००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखि पेश गर्नुपर्ने छ।

३. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ।

४. दरभाउपत्र फारम शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्ने छ।

५.रितपर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्र तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोबहरमा चैनपुर नगरपालिका नगर कार्यापालिकाको कार्यालयमा नियम अनुसार खोलिने छ। तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएका शिलबन्दी दरभाउपत्र लाई मान्यता दिइने छैन।

७. शिलबन्दी दरभाउपत्र साथ दाताले नेपाली नागरिकता अनिवार्य संग्लन गर्नुपर्ने छ। फर्म वा कम्पनिको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपि,नविकरण गरेको प्रतिलिपि,कर कार्यालयमा दर्ता भएको प्रतिलिपि,नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संग्लन गरेको हुनुपर्ने छ।

८. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियम अनुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ। अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ।

९. आफुले कवोल गरेको वार्षिक अंक रकम एकमुष्ट बुझाई सम्झौता गरेमा १० प्रतिशत छुट दिइनेछ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्द नगरको आधार"

चैनपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्था: २०७३

पत्र संख्या: २०८२/८३

चलानी नं

कोशी प्रदेश, नेपाल

---

१०. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पुर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा तिन किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ। बाँकी कवोल अंक बराबरको बैंक जमानत २०८४/०८५ को असार मसान्तसम्म कायम रहने अंक बैंक ग्यारेन्टी सक्कलै संलग्न गरी सम्झौता नविकरणका लागी निवेदन दिनु पर्नेछ।

११. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन। बढी लिएको पाइएमा वा लिएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिनेछ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिनेछ।

१२. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदारलाई आवश्यक कारवाही गरिनेछ। साथै विज्ञापन को लागी राखिने साइनवोर्ड , पोस्टर , पम्पलेट तोकिएको क्षेत्रमा मात्र राख्न पाईने छ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाह , छुट , हर्जना सहुलियत माग गर्न पाईने छैन।

१४. कर , शुल्क , दस्तुर अशुल गर्ने प्रयोजनका लागी नगर कार्यपालिकाको कार्यालयले तोकेको ढाँचा र छाँपिएको दररेट भएको रसिद ठेकेदार आफ्नो तर्फबाट छपाँई नगरपालिकामा अभिलेख गराई छाँप लगाई मात्र प्रयोग गर्न पाईनेछ।

१५. कुनैपनि चिठ्ठी, टेलिफोन , फ्यासबाट आएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन।

१६. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विबाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ।

१७. शिलबन्धी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्विकृत गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१८. नेपाल सरकार,प्रदेश सरकार, यस नगरपालिकको आदेश निर्देशन,निर्णयको ठेकेदारको अक्षरस पालना गर्नुपर्नेछ।

१९. यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

२०. ठेक्का सम्झौता भएपछि अन्य दर्खास्त वालाहरुको धरौटीको रकम फिर्ता दिईनेछ।

२१. अन्य जानकारीको लागी चैनपुर नगरपालिका नगर कार्यपालिको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

ओम्कार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत